स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



सिनेमा आर्टले नयाँ चलचित्र निर्माणको घोषणा गरेको छ। अनटाइटल मुभीमा अनमोल केसी र जसिता गुरुङ अनुबन्ध भएका छन्। निर्देशन सुयोग गुरुङले गर्नेछन्। निर्माता रौनक विक्रम कँडेल रहेका छन्। निर्माता कँडेलका अनुसार चलचित्रका लागि उनले निर्देशकसँगै अनमोल केसी र अभिनेत्री जसिता गुरुङलाई साइन गराइसकेका छन्। चलचित्रको नाम भने केही समयपछि सार्वजनिक गर्ने निर्माता कँडेलले जानकारी दिएका छन्।

**आजको विचार...**



राज्यप्रति... (दुई पेजमा)

डा. शोभाकर पराजुली

संगीतकार अर्जुन पोखरेलको निर्माण रहेको फिल्म "बेहुली"को रोमान्टिक गीत "म भईन भने" सार्वजनिक गरिएको छ। सुरेश लामा र दुर्गा खरेलको स्वर रहेको गीतमा अर्जुन पोखरेलकै शब्द तथा संगीत छ। गीतको एरेन्ज उदय राज पौडेलले गरेका हुन्। सार्वजनिक गीतको भिडियोमा अभिनेता पारस बम र अभिनेत्री दिव्या रायमाझीको रोमान्टिक अवतार देख्न सकिन्छ। विकास दाहालको सिनेमाटोग्राफी र सियोन श्रेष्ठको कोरियोग्राफी रहेको गीत दार्जिलिङ, मिरिक र सिक्किमका आर्कषक स्थानहरुमा छायाङ्कन गरिएको हो।



❒ वर्ष ३२ ❒ अंक ४० ❒ २०८३ भदौ ९ गते मंगलबार 25 August 2026, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### पहिरो जाँदा ३० जनाको मृत्यु

**काठमाडौं,** भदौ ८/गिनीको राजधानी कोनाक्रीस्थित सबैभन्दा ठूलो ल्यान्डफिलमा पहिरो जाँदा कम्तीमा ३० जनाको मृत्यु भएको सरकारी अधिकारीले बताएका छन् । आइतबार बिहान भारी वर्षापछि दार एस सलामस्थित ल्यान्डफिलमा थुपारिएको फोहोरको ठूलो भाग भत्किँदा नजिकैका झुपडीहरू पुरिएका थिए । घटनामा छ जना गम्भीर घाइते भएका छन् भने धेरै घरमा क्षति पुगेको छ । अधिकारीहरूका अनुसार सोमबार करिब २ बजे सुरु भएको भारी वर्षाका कारण फोहोर बगेर आसपासका बस्तीमा पुगेको थियो । घटनापछि जीवितको खोजी तथा उद्धार कार्य जारी रहेको छ । सैन्य इन्जिनियरिङ बटालियनका सरसफाइ अधिकारी लेफ्टिनेन्ट कर्नल बाल्डे मामाडोउ बैलोका अनुसार उक्त ल्यान्डफिल आइतबारदेखि बन्द गर्ने तयारी गरिएको थियो । ल्यान्डफिल आसपास बसोबास गर्ने स्थानीयलाई यसअघि नै अन्यत्र स्थानान्तरण हुन सूचना दिइएको थियो । त्यसका बाबजुद पहिरो जाँदा धेरै मानिस त्यही क्षेत्रमा रहेको अधिकारीहरूले बताएका छन् । क्षेत्रीय प्रशासन तथा विकेन्द्रीकरण मन्त्री डिएनाबोउ टुरेले घटनास्थलमा पुगेर बाँकी परिवारलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिने बताए ।*-रासस*

## किन रोकिएनन् अकाल मृत्युका घटना ?

# एकै दिन छुट्टाछुट्टै घटनामा सात जनाको मृत्यु

**हाम्रा सवाददाता**

**पाल्पा,** भदौ ८/ देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै घटनामा परी सात जनाको अकालमै मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार पछिल्लो समय भएका घटनामध्ये सवारी दुर्घटनामा चार जना, करेन्ट लागेर एक जना तथा अन्य दुई जनाको विभिन्न कारणले मृत्यु भएको हो ।

घटनामा केही व्यक्ति घाइते भएका छन् भने सम्बन्धित घटनाबारे प्रहरीले आवश्यक अनुसन्धान अघि बढाएको जनाएको छ । उदयपुरको बेलका नगरपालिका-५ जहडास्थित सडकमा अटो र बस एकआपसमा ठोक्किँदा तीन जनाको मृत्यु भएको छ । सुपाडेबाट लालबजारतर्फ आउँदै गरेको को.प्र.०५-००१ ह ०६१३ नम्बरको अटो र विपरीत दिशाबाट आएको को.१ ख ३५१६ नम्बरको बस सोमबार




बिहान एकआपसमा ठक्कर खाई दुर्घटना भएको थियो ।

दुर्घटनामा अटो चालक बेलका नगरपालिका-५ मैनी बस्ने २८ वर्षीय ईन्द्र थापा मगर, अटोमा सवार सोही ठाउँकी ३४ वर्षीया मन्दिरा मगर र हाल नाम, थर तथा वतन नखुलेकी एक महिलाको मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनीहरूको विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचारका क्रममा मृत्यु भएको हो । दुर्घटनामा अटोमा सवार अन्य दुई जना घाइते भएका छन् । उनीहरूको सोही अस्पतालमा उपचार भइरहेको छ ।

दुर्घटनापछि बस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।त्यस्तै, कञ्चनपुरको बेदकोट नगरपालिका-६ सिसैयास्थित सडकमा मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । से.३ प ५२७४ नम्बरको मोटरसाइकल सोमबार बिहान दुर्घटना हुँदा बेदकोट नगरपालिका-९ सुन्दरपुर बस्ने ६० वर्षीय गौर सिंह महराको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका महराको टेक केयर अस्पताल प्रालि, धनगढीमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ। दुर्घटनाको कारणबारे प्रहरीले थप अनुसन्धान गरिरहेको छ । यसैगरी, रौतहटको गौर नगरपालिका-४ विपी चोकस्थित युवा राईज सुधार केन्द्रको कम्पाउण्डमा करेन्ट लागेर एक जनाको मृत्यु भएको छ । उक्त केन्द्रमा बस्दै आएका भारतको बेतिया घर भएका ३४ वर्षीय विकाश रायले कम्पाउण्डमा जडान गरिएको विद्युतीय मोटरबाट चल्ने कल प्रयोग गर्ने क्रममा सोमबार बिहान करेन्ट लागेको थियो । करेन्ट लागेर गम्भीर घाइते भएका रायको प्रादेशिक अस्पताल गौरमा उपचारका क्रममा मृत्यु भएको हो । यता, काठमाडौं र जाजरकोटमा दुई जना मृत अवस्थामा फेला परेका छन् । काठमाडौंको गोकर्णेश्वर नगरपालिका-६ जोरपाटी नजिकैको खाली जग्गामा हाल नाम, थर तथा वतन नखुलेका अन्दाजी ४० वर्षीय एक पुरुष सोमबार मृत अवस्थामा फेला परेका हुन् । घटनाबारे प्रहरीले आवश्यक अनुसन्धान तथा मृतकको पहिचान खुलाउने प्रयास गरिरहेको जनाएको छ । त्यसैगरी, जाजरकोटको जुनीचाँदे गाउँपालिका-६ छिर्का टोल बस्ने ३९ वर्षीया रचना थापा भन्ने रती थापा सोही गाउँपालिका-६ स्थित ठुलाखोलाको किनारमा सोमबार मृत अवस्थामा फेला परेकी छिन् ।

*-बाँकी अन्तिम पेजमा...*

## गुल्मीमा भीरबाट लडेर वृद्धको मृत्यु



**गुल्मी,** भदौ ८/ गुल्मीमा भीरबाट लडेर एक जना वृद्धको मृत्यु भएको छ । कालीगण्डकी गाउँपालिका-४ भाङखर्क निवासी ६५ वर्षीय फटिकबहादुर पुनको सोमबार भीरबाट लडेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

प्रहरीका अनुसार सोमबार बिहान पैदलयात्रा गर्ने क्रममा अचानक सडकबाट करिब १५० मिटर तल खस्दा पुनको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक वीरेन्द्रविर विश्वकर्माले जानकारी दिए ।

घटनाको जानकारी पाएपछि प्रहरी टोली घटनास्थलमा पुगेको थियो । अहिले घटनाको बारेमा थप अनुसन्धान भइरहेको सूचना अधिकारी विश्वकर्माले बताए ।

*-रासस*

## विभिन्न स्थानबाट अवैध लागूऔषध सहित २० जना पक्राउ

**पाल्पा,** भदौ ८/देशका विभिन्न स्थानबाट अबैध लागूऔषध सहित २० जना पक्राउ परेका छन् । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार कपिलवस्तु, कैलाली, झापा, सुनसरी, सुर्खेत, काठमाडौंका विभिन्न स्थानबाट अवैध लागूऔषसहित २० जना पक्राउ परेका हुन् ।

कपिलवस्तुको कृष्णनगर नगरपालिका-२ पुरानो बसपार्कबाट अवैध लागूऔषध अफिम जस्तो देखिने पदार्थ करिब १० किलो ३ सय ६४ ग्राम र चरेस जस्तो देखिने पदार्थ करिब ५ किलो २ सय २५ ग्राम सहित दाङ राप्ती गाउँपालिका-३ मसुरिया बस्ने ३४ वर्षीया रतिमा रोका समेत ५ जनालाई प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय कृष्णनगरबाट खटिएको प्रहरीले नेपालबाट भारततर्फ जाँदै गरेका उनीहरूलाई उक्त लागूऔषध सहित पक्राउ गरेको हो । यस्तै कैलालीको धनगढी उपमहानगरपालिका-३ बाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ १ सय मिलिग्राम सहित सोही



ठाउँ बस्ने ३० वर्षीय राकेश बिष्टलाई आइतबार दिउँसो प्रहरीले पक्राउ गरेको छ ।

अस्थायी प्रहरी पोष्ट बिशालनगरबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । यस्तै काठमाडौंको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट अवैध लागूऔषध गाँजा ८ किलो २ सय ३८ ग्राम सहित म्यान्मारका २ जना नागरिकहरूलाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा म्यान्मार यांगौन घर भएकी २७ वर्षीया AYE THIDA AUNG र २९ वर्षीया NAY THU REIN रहेका छन् । नेपाल एयरलाइनसको उडानद्वारा थाइल्याण्डबाट काठमाडौं आएका उनीहरूलाई लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय गौचरबाट खटिएको प्रहरीले उक्त परिमाणको गाँजा सहित पक्राउ गरेको हो ।

यसैगरी काठमाडौं महानगरपालिका-३२ जडिबुटी पाल्पाकोट बस्ने मकवानपुर घर भएका १९ वर्षीय राकेश मोक्तानलाई नियन्त्रित लागूऔषध ट्रामाडोल ३ सय ५० ट्याब्लेट र नगद ८ हजार ५ सय रूपैयाँ सहित आइतबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । प्रहरी प्रभाग कोटेश्वरबाट खटिएको प्रहरीले राकेशको कोठा तलासी गर्दा उक्त लागूऔषध फेला पारी पक्राउ गरेको हो । यस्तै सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-१० भवनपुरबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ १ ग्राम ४ सय ७० मिलिग्राम सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । *-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## वैदेशिक लगानीमैत्री वातावरण बनाऊ

**वैदेशिक लगानी भनेको आफ्नो देशबाहेक अर्को देशमा गई व्यापार, व्यवसाय वा उद्यम सञ्चालन गर्न गरिने लगानी हो । विदेशमा गई लगानी गर्ने लगानीकर्तामा कुनै पनि विदेशी व्यक्ति, फर्म, कम्पनी, बहुराष्ट्रिय कम्पनीहरू संगठित संस्थाहरूसमेत हुने गर्छन् । नेपालको आर्थिक विकासका लागि वैदेशिक लगानी महत्वपूर्ण आधार हो । पूँजी, प्रविधि, सीप, व्यवस्थापकीय क्षमता र अन्तर्राष्ट्रिय बजारसँगको पहुँच विस्तार गर्न विदेशी लगानीले उल्लेखनीय योगदान पुर्‍याउन सक्छ । तर सम्भावना हुँदाहुँदै पनि नेपालमा अपेक्षाअनुसार वैदेशिक लगानी भित्रिन सकेको छैन् । यसको प्रमुख कारण राजनीतिक अस्थिरता, लगानीकर्ताले भोग्नुपर्ने प्रशासनिक झन्झट, नीतिगत अस्थिरता, ढिलासुस्ती, कमजोर पूर्वाधार र लगानी सुरक्षासम्बन्धी चिन्ता हुन् ।**

**विदेशी लगानीकर्ताले नेपालमा लगानी गर्दा प्रक्रिया सरल, पारदर्शी र समयबद्ध होस् भन्ने अपेक्षा गर्छन् । उद्योग दर्ता, जग्गा प्राप्ति, कर, विद्युत, वातावरणीय स्वीकृति, विदेशी मुद्रा तथा नाफा फिर्तालगायतका विषयमा अनावश्यक झन्झट हुनु हुँदैन । एउटै कामका लागि विभिन्न निकाय धाउनुपर्ने अवस्था अन्त्य गर्दै 'एकद्वार प्रणाली'लाई प्रभावकारी बनाउनुपर्छ । साथै, लगानीसम्बन्धी कानुनमा बारम्बार परिवर्तन गर्ने प्रवृत्तिले लगानीकर्तामा अनिश्चितता बढाउने भएकाले दीर्घकालीन र स्थिर नीति आवश्यक छ । एउटा सुखद खबर के छ भने ४ महिनामा ११ अर्ब ९५ करोड रुपैयाँभन्दा बढीको वैदेशिक लगानी प्रस्ताव दर्ता भएको छ। वालेन्द्र शाह प्रधानमन्त्री भएपछिको यो अवधिमा यस्तो प्रस्ताव आएको हो । यसलाई राम्रै मान्नुपर्छ । लगानी प्रस्तावको उत्साहलाई सार्थक पार्न जहाँजहाँ सुधार आवश्यक छ, त्यहाँत्यहाँ तत्काल सुधार गर्नैपर्छ । वैदेशिक लगानी भित्र्याउने नाममा राष्ट्रिय हित र स्वदेशी उद्यमीको भूमिकालाई कमजोर पार्नु पनि उचित हुँदैन । विदेशी पूँजीलाई स्वदेशी सीप, श्रम र उद्यमशीलतासँग जोड्दै रोजगारी सिर्जना, प्रविधि हस्तान्तरण र उत्पादन वृद्धि हुने क्षेत्रमा प्राथमिकता दिनुपर्छ । लगानीकर्तालाई सुविधा दिँदा पारदर्शिता, जवाफदेहिता र वातावरणीय तथा सामाजिक उत्तरदायित्वलाई पनि समान महत्व दिनुपर्छ । नेपालले अब लगानी सम्मेलन र आकर्षक घोषणाभन्दा अगाडि बढेर लगानीमैत्री व्यवहार देखाउनुपर्छ । लगानीमैत्री वातावरण र नीतिगत स्थायित्व नभएसम्म लगानी आउँदैन । सँगसँगै स्वदेशी लगानीलाई प्रोत्साहन गर्ने विषय नजरअन्दाज भयो भने फेरि परनिर्भरताको धरापमा पर्न सकिन्छ भन्ने पनि उत्तिकै ख्याल हुनुपर्छ ।**

### Opinion @ Social Network

चाहाना त सबैलाई खुसी राख्ने नै थियो तर
आफ्नै खुसी गुमाउँदा पनि कसैको चित्त बुझाउन सकिएन ...!!
*(करिष्मा पन्थको फेसबुक स्टाटसबाट www.facebook.com/Karishma.Pantha)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# राज्यप्रति विश्वास फर्कियो भने पलायन भएको पुँजी फर्किन्छ



डा. शोभाकर पराजुली

राष्ट्र निर्माणको इतिहास हेर्ने हो भने समृद्धि केवल राज्यको प्रयासबाट सम्भव भएको उदाहरण भेटिँदैन । राज्यले नीति बनाउँछ, पूर्वाधार निर्माण गर्छ, कानुनी संरचना तयार गर्छ र सार्वजनिक सेवा प्रदान गर्छ । तर पूँजीलाई उत्पादनमा, उत्पादनलाई रोजगारीमा र उद्यमशीलतालाई आर्थिक शक्तिमा रूपान्तरण गर्ने काम निजी क्षेत्रले गर्छ । त्यसैले उद्योगी, व्यवसायी र उद्यमी कुनै पनि देशका लागि केवल नाफा कमाउने वर्ग होइनन्, राष्ट्रिय विकासका महत्वपूर्ण साझेदार हुन् । नेपालले आर्थिक रूपान्तरणको यात्रा अघि बढाउने हो भने निजी क्षेत्रलाई बाहिर राखेर होइन, जिम्मेवार र उत्तरदायी साझेदारका रूपमा अघि बढाएर मात्र सम्भव हुन्छ । तर आज नेपालको आर्थिक बहसमा एउटा असहज प्रश्न गम्भीर रूपमा उठिरहेको छ- नेपालमा व्यवसाय गर्न, लगानी गर्न र उद्योग विस्तार गर्न किन कठिन हुँदै गएको छ ? किन केही व्यवसायी नयाँ लगानीका लागि उत्साहित छैनन् ? किन पूँजी सुरक्षित र स्थिर वातावरण खोज्दै विदेशतर्फ पलायन भइरहेको छ ? र किन नेपालमा सम्भावना हुँदाहुँदै पनि लगानीकर्ताको मनोविज्ञानमा आशंकाको मात्रा बढ्दै गएको छ ? यी प्रश्नको उत्तर खोज्दा व्यवसायीलाई दोषी देख्नु गलत हुन्छ र राज्यलाई मात्र पनि । वास्तविक समस्या राज्य र निजी क्षेत्रबिच कमजोर हुँदै गएको विश्वासमा छ । कानुनको शासन लोकतन्त्रको आधार हो । त्यसैले कुनै व्यवसायीले कर छल्छ, वित्तीय अनियमितता गर्छ, उपभोक्ता ठग्छ, श्रमिकको अधिकार उल्लैन गर्छ, वातावरणीय मापदण्ड तोड्छ वा अन्य कानुन उल्लैन गर्छ भने कानुनी कारबाही हुनुपर्छ । व्यवसायले रोजगारी सिर्जना गर्छ, कर तिर्छ वा अर्थतन्त्रमा योगदान गर्छ भन्दैमा कानुन उल्लैनलाई क्षमा गर्न सकिँदैन । आर्थिक योगदान कानुनी उत्तरदायित्वबाट छुटको आधार होइन । तर कानुन कार्यान्वयनको अर्को पक्ष पनि उत्तिकै महत्वपूर्ण छ । यदि कुनै व्यवसायिक अभ्यास वर्षौंदेखि भइरहेको थियो, सरकारी निकायबाट अनुमति प्राप्त थियो, कर संकलन भइरहेको थियो, नियामकले नियमित अनुगमन गरिरहेको थियो र राज्यकै निर्णयबाट त्यसले निरन्तरता पाएको थियो भने धेरै वर्षपछि अचानक त्यही अभ्यासलाई फरक व्याख्याबाट गैरकानुनी घोषणा गरिँदा प्रश्न व्यवसायीमाथि मात्र उठ्दैन । प्रश्न राज्यतर्फ पनि फर्किन्छ- त्यो समयमा नियामक निकाय कहाँ थियो ? नियम किन स्पष्ट भएन ? गल्ती कहाँ भयो ? निर्णय प्रक्रिया किन कमजोर रह्यो ? यो प्रश्न कानुन उल्लैनकर्तालाई बचाउन गरिएको प्रश्न होइन । 'पहिले अरूले पनि गरेका थिए' भन्दै आजको उल्लैनलाई वैध बनाउन पनि सकिँदैन । अपराध, अपराध नै हुन्छ । तर राज्यका विगतका निर्णय, कमजोरी र नियामकीय असफलताको समीक्षा नगरी केवल व्यवसायीलाई दोषी देखाउनु पनि विधिको शासनको पूर्ण अभ्यास हुन सक्दैन । कानुन नागरिकका लागि मात्र होइन, राज्यका लागि पनि बाध्यकारी हुन्छ । नेपालको आर्थिक वातावरणमा देखिएको एउटा गम्भीर समस्या कानुनको अभावभन्दा कानुनी अनिश्चितता हो । एउटै विषयमा विभिन्न सरकारी निकायको फरक व्याख्या, अनुमति प्रक्रियामा ढिलाइ, अनावश्यक प्रशासनिक तह, नियमको बारम्बार परिवर्तन, करसम्बन्धी अस्पष्टता र व्यवसायिक विवादको लामो न्यायिक प्रक्रियाले लगानीकर्ताको जोखिम बढाइरहेको छ । व्यवसायीले लगानी गर्दा नाफा मात्र हेर्दैन । उसले जोखिमको मूल्य पनि गणना गर्छ । लगानीकर्ताले भविष्यको कर नीति, नियमन, सरकारी व्यवहार, बजारको अवस्था र विवाद समाधानको सम्भावनालाई पनि आृनो निर्णयमा समावेश गर्छ । जब नीतिगत अनिश्चितता बढ्छ, जोखिम बढ्छह जोखिम बढेपछि लगानीको आकर्षण घट्छ । त्यसैले नेपालबाट पूँजी बाहिरिन थालेको विषयलाई केवल 'व्यवसायीमा देशप्रेमको कमी भयो' भनेर बुझ्नु गम्भीर भूल हुनेछ । पूँजी भावना मात्र होइन, विश्वासमा पनि चल्छ । नेपालमा एउटा उद्योग स्थापना गर्न ठूलो पूँजी, लामो समय र जोखिम मोल्न सक्ने आँट आवश्यक पर्छ । यदि उद्योगीले अनुमति लिन वर्षौं कुर्नुपर्छ, नियम कुन बेला बदलिन्छ भन्ने निश्चित हुँदैन, सरकारी निर्णयको व्याख्या निकायअनुसार फरक हुन्छ र कानुनी विवादको समाधानमा वर्षौं लाग्छ भने उसले स्वाभाविक रूपमा अर्को विकल्प खोज्छ । त्यसैले व्यवसायी विदेश जान खोज्नुको एउटा कारण देशप्रतिको असन्तुष्टि मात्र होइनह व्यवसायिक वातावरणप्रतिको जोखिमबोध पनि हुन सक्छ । नेपालका लागि यो अझ गम्भीर विषय हो । एउटा व्यवसायी बाहिर जाँदा केवल उसको पैसा जाँदैन । उसको व्यवस्थापन क्षमता, बजार ज्ञान, व्यवसायिक सञ्जाल, प्रविधि, रोजगारी सिर्जना गर्ने क्षमता र भविष्यमा नयाँ उद्योग स्थापना गर्ने सम्भावना पनि कमजोर हुन्छ । त्यसैले व्यवसायी पलायनलाई पूँजी पलायन मात्र नभई उद्यमशीलता पलायनका रूपमा पनि बुझ्नुपर्छ । विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्राकोषका नेपालसम्बन्धी अध्ययनहरूले पनि निजी क्षेत्रको विकास, लगानी र रोजगारी विस्तारका लागि नीतिगत स्थिरता, संस्थागत क्षमता, सुशासन, नियामकीय सुधार र व्यवसायिक वातावरण सुधारको आवश्यकता औंल्याउँदै आएका छन् । विश्वका सफल अर्थतन्त्रको अनुभवले पनि एउटा कुरा स्पष्ट गर्छ- लगानी आकर्षित गर्ने सबैभन्दा प्रभावकारी उपाय केवल कर छुट होइनह विश्वसनीय संस्था, स्पष्ट कानुन, स्थिर नीति र निष्पक्ष न्याय हुन् । विदेशी लगानीको सन्दर्भमा यसको महत्त्व अझ बढी हुन्छ । विदेशी लगानीकर्ता नेपालमा आउँदा केवल जलस्रोत, पर्यटन, बजार वा प्राकृतिक स्रोतको सम्भावना हेर्दैन । उसले राज्यको चरित्र हेर्छ । कानुन सबैका लागि समान छ कि छैन ? सरकारी निर्णय पूर्वानुमान गर्न सकिन्छ कि सकिँदैन ? विवाद हुँदा न्याय पाइन्छ कि पाइँदैन ? नियम परिवर्तन हुँदा लगानीको सुरक्षा हुन्छ कि हुँदैन ? त्यसैले व्यवसायीमाथि कानुनअनुसार निष्पक्ष कारबाही हुनु विदेशी लगानीका लागि नकारात्मक सन्देश होइन । उल्टै, कानुन सबैका लागि समान रूपमा लागू हुन्छ भन्ने प्रमाणित भयो भने त्यो विदेशी लगानीका लागि बलियो सकारात्मक सन्देश बन्न सक्छ । समस्या कारबाहीमा होइन । समस्या चयनात्मक निर्णय, अस्पष्टता र अनिश्चिततामा छ । नेपालले अब निजी क्षेत्रका लागि स्थिर र पूर्वानुमेय वातावरण निर्माण गर्न केही आधारभूत सुधार गर्नैपर्छ । पहिलो, व्यवसायसम्बन्धी कानुन सरल र स्पष्ट हुनुपर्छ । उद्योग स्थापना, सञ्चालन, कर, श्रम, वातावरण र लगानीका नियममा अनावश्यक जटिलता हटाउनुपर्छ । दोस्रो, सरकारी सेवाको समयसीमा कानुनी रूपमा सुनिश्चित गर्नुपर्छ । सरकारी कार्यालयमा फाइल रोकिँदा त्यसको लागत अन्तत: व्यवसायीले मात्र होइन, उपभोक्ता र राष्ट्रले पनि तिर्छ । तेस्रो, समान प्रकृतिका व्यवसायमा समान कानुनी मापदण्ड लागू हुनुपर्छ । राजनीतिक पहुँच, आर्थिक शक्ति वा व्यक्तिगत सम्बन्धका आधारमा नियमन फरक हुनु हुँदैन । चौथो, व्यवसायिक विवादको शीघ्र समाधान आवश्यक छ । निजी क्षेत्रले पनि गम्भीर आत्मसमीक्षा गर्नुपर्छ । राजनीतिक पहुँचलाई व्यवसायिक सफलताको साधन बनाउने, कर छल्ने, कानुनका छिद्रलाई जानाजान दुरुपयोग गर्ने, श्रमिकको अधिकार बेवास्ता गर्ने वा सार्वजनिक स्रोतबाट अनुचित लाभ लिने प्रवृत्ति स्वस्थ निजी क्षेत्रको पहिचान होइन । यहीँ व्यवसायिक सामाजिक उत्तरदायित्वको प्रश्न महत्वपूर्ण हुन्छ । नेपालमा व्यवसायिक सामाजिक उत्तरदायित्वलाई प्राय: विद्यालयमा सहयोग गर्ने, स्वास्थ्य शिविर सञ्चालन गर्ने वा विपद्का बेला राहत दिने काममा सीमित गरिएको पाइन्छ । यी कार्य महत्वपूर्ण छन्, तर सामाजिक उत्तरदायित्वको वास्तविक दायरा अझ फराकिलो छ । इमानदार कर भुक्तानी, श्रमिकको सम्मान, सुरक्षित कार्यस्थल, वातावरणीय संरक्षण, उपभोक्ता अधिकारको सम्मान, स्थानीय समुदायको विकास, पारदर्शी लेखा र दीर्घकालीन सामाजिक लगानी पनि व्यवसायिक सामाजिक उत्तरदायित्व हुन् । कुनै उद्योगले विद्यालयलाई ठूलो रकम सहयोग गर्छ तर वातावरण प्रदूषित गर्छ भने त्यो पूर्ण सामाजिक उत्तरदायित्व होइन । कुनै कम्पनीले छात्रवृत्ति दिन्छ तर श्रमिकको अधिकार मिच्छ भने उसको सामाजिक योगदान अपूर्ण हुन्छ । साँचो सामाजिक उत्तरदायित्व भनेको व्यवसायबाट नाफा कमाउनु हो, तर समाजलाई घाटा नपुर्‍याउनु हो । अब नेपालमा व्यवसायिक सामाजिक उत्तरदायित्वलाई दानको संस्कृतिबाट विकास साझेदारीमा रूपान्तरण गर्नुपर्छ । उद्योगहरूले स्थानीय युवालाई सीप विकास गराउन सक्छन् । बैंक तथा वित्तीय संस्थाले साना उद्यमीलाई वित्तीय ज्ञान र उद्यमशीलता विकासमा सहयोग गर्न सक्छन् । ठूला उद्योगहरूले स्थानीय उत्पादनलाई आृनो आपूर्ति प्रणालीसँग जोड्न सक्छन् । प्रविधि क्षेत्रले विद्यालय तथा विश्वविद्यालयमा नवप्रवर्तनलाई प्रोत्साहन गर्न सक्छन् । यसरी निजी क्षेत्रको सामाजिक उत्तरदायित्वलाई रोजगारी, सीप, उत्पादन र स्थानीय विकाससँग जोड्न सकिन्छ । यसका लागि नेपालले व्यवसायीलाई नायक वा खलनायकमध्ये कुनै एकका रूपमा हेर्न छोड्नुपर्छ । व्यवसायी विकासका साझेदार हुन्, तर कानुनभन्दा माथि होइनन् । राज्य विकासको संरक्षक हो, तर जवाफदेहिताभन्दा माथि होइन । हामीलाई जिम्मेवार व्यवसायी र सक्षम राज्य दुवै चाहिन्छ । त्यसका लागि राज्य र निजी क्षेत्रबिच नयाँ आर्थिक सम्झौता आवश्यक छ । राज्यले स्थिर नीति दिनेछ–व्यवसायीले लगानी गर्नेछ । राज्यले कानुनको शासन सुनिश्चित गर्नेछ, व्यवसायीले कानुन पालना गर्नेछ । राज्यले निष्पक्ष प्रतिस्पर्धा सुनिश्चित गर्नेछ, व्यवसायीले इमानदार प्रतिस्पर्धा गर्नेछ । राज्यले पूर्वाधार र संस्थागत आधार निर्माण गर्नेछ, निजी क्षेत्रले उत्पादन र रोजगारी विस्तार गर्नेछ । राज्यले सार्वजनिक हितको संरक्षण गर्नेछ, व्यवसायीले सामाजिक उत्तरदायित्व पूरा गर्नेछ । यही सम्बन्धबाट विकासको चक्र सुरु हुन्छ । लगानीले उद्योग जन्माउँछ । उद्योगले रोजगारी सिर्जना गर्छ । रोजगारीले आय बढाउँछ । आयले बजार विस्तार गर्छ । बजारले उत्पादन बढाउँछ । उत्पादनले कर बढाउँछ । करले राज्यलाई बलियो बनाउँछ । बलियो राज्यले पूर्वाधार र सेवा सुधार गर्छ । अन्तत: नागरिकको जीवनस्तर माथि उठ्छ । यही कारण अब नेपालको बहस 'व्यवसायी दोषी कि सरकार दोषी ?' भन्ने सतही प्रश्नमा सीमित हुनु हुँदैन । हामीले सोध्नुपर्ने गहिरो प्रश्न हो- नेपाल कस्तो आर्थिक राज्य बन्न चाहन्छ ? यस्तो राज्य, जहाँ व्यवसायी कानुनभन्दा माथि होऊन- स्वीकार्य छैन । यस्तो राज्य जहाँ राज्यका निर्णय प्रश्नभन्दा माथि होऊन- त्यो पनि स्वीकार्य छैन । नेपालले तेस्रो बाटो रोज्नुपर्छ- कानुनको कार्यान्वयन गर्दै विकासको मार्ग पहिल्याउने । कानुन उल्लैनमा कठोरता होस्, तर कानुन कार्यान्वयनमा समानता होस् । राज्यलाई नियमन गर्ने अधिकार होस्, तर पारदर्शिता र जवाफदेहिता पनि होस् । यी सबैभन्दा माथि विश्वास चाहिन्छ । विश्वास फर्कियो भने पूँजी फर्किन्छ । पूँजी फर्कियो भने उद्योग बढ्छ । उद्योग बढेपछि रोजगारी बढ्छ । रोजगारी बढेपछि समृद्धिको बाटो खुल्छ ।*-रातोपाटी डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रेटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : कामको राम्रो परिणाम प्राप्त हुनेछ। नयाँ कामले नाम र इनाम दिलाउने छ। | **तुला**: समयलाई अनुकूल बनाउन नसकिएला। समस्याको समाधान हुनेछ। |
| **वृष** : उच्चपदासीन व्यक्तिसँग भेटघाट लाभदायी रहनेछ। शैक्षिक प्रगति हुनेछ। | **वृश्चिक** : भविष्यलाई लिएर योजनाहरू कोरिनेछन्। कामले गति लिनेछ। |
| **मिथुन** : कार्यक्षेत्रमा सन्तुलन राख्नुहोस्। सफलताको लागि धेरै संघर्ष गर्नुपर्ला। | **धनु** : कामको खोजीमा आफन्तबाट टाढिनुपर्ला। धन प्राप्तिको योग रहनेछ। |
| **कर्कट** : काममा नेतृत्व क्षमता देखिनेछ। पद प्रतिष्ठामा वृद्धि हुने संकेत छ। | **मकर** : सामाजिक पद प्रतिष्ठामा वृद्धि हुनेछ। प्रेम सम्बन्ध सुमधुर रहनेछ। |
| **सिंह** : स्वास्थ्यमा हल्का थकान महसुस हुनेछ। आर्थिक पक्ष सबल रहनेछ। | **कुम्भ**: धैर्यले राम्रो परिणाम ल्याउनेछ। पुरानो विषयमा समझदारी बन्नेछ। |
| **कन्या** : प्रेम सम्बन्ध सुमधुर रहनेछ। कर्मक्षेत्रमा गरेको कार्य सिद्ध हुनेछ। | **मीन** : आय बढाउने विचारले आकार लिनेछ। कामबाट उपलब्धि मिल्न सक्छ। |

## विज्ञान/सूचना प्रविधि

# नि:शुल्क भीपीएनमा किन भर पर्नु हुँदैन ?




नि:शुल्क भीपीएनको प्रलोभन साँच्चै नै आकर्षक हुन्छ । गुगल प्ले स्टोर र एप्पल एप स्टोरमा सयौं नि:शुल्क भीपीएनहरू उपलब्ध हुँदाहुँदै किन पैसा तिर्ने ? दुर्भाग्यवश, धेरै कुराहरूमा जस्तै, भीपीएनको सन्दर्भमा पनि नि:शुल्कको अर्थ विरलै मात्र नि:शुल्क हुन्छ । एप स्टोरमा उपलब्ध भीपीएनहरूको सूची हेर्नुभयो भने प्रत्येकको बारेमा कति थोरै जानकारी छ भन्ने स्पष्ट हुन्छ । म मेरो ब्राउजिङ डाटा स्वेच्छाले तीमध्ये कसैलाई पनि सुम्पिने छैन, र तपाईंले पनि त्यसो गर्नु हुँदैन । विगतमा, कतिपय भीपीएनहरूले ब्राउजरको ट्राफिकलाई बिचमै कब्जा गरी प्रयोगकर्ताहरूलाई आफ्ना साझेदार वेबसाइटहरूमा पठाएको पाइएको छ । अर्कोतर्फ, अन्य कतिपयले वर्षौंदेखि पारदर्शिता रिपोर्ट वा लेखापरीक्षण प्रकाशित गरेका छैनन् । अहिले शीर्ष स्थानमा रहेका केही नि:शुल्क भीपीएनहरूले त आफ्ना मालिक को हुन् भन्ने समेत खुलाएका छैनन् । गोपनीयता नीतिको त कुरै छाडौं, उनीहरूको डेभलपर वेबसाइट समेत छैन । वास्तवमा, धेरै नि:शुल्क भीपीएनहरूले तपाईंका गतिविधिहरूको रेकर्ड राख्छन् र तपाईंको ब्राउजर सेसनहरूमा विज्ञापनहरू घुसाउँछन् । अझ खराब कुरा त के छ भने, कतिपयले तपाईंको ब्राउजिङ डाटा विज्ञापनदाताहरूलाई बेच्छन् । यसले गर्दा भीपीएन प्रयोग गर्नुको सम्पूर्ण औचित्य नै समाप्त हुन्छ । नि:शुल्क भीपीएनमा किन विश्वास गर्नु हुँदैन र सशुल्क भीपीएन किन सधैं राम्रो हुन्छ भन्ने कुरा मैले तल प्रस्ट पारेको छु । एउटा पुरानो भनाइ छ, 'यदि तपाईं कुनै कुराको लागि पैसा तिरिरहनुभएको छैन भने, तपाईं आफैं उत्पादन हुन सक्नुहुन्छ ।' नि:शुल्क होस् वा सशुल्क, कुनै पनि भीपीएन प्रयोग गर्दा तपाईंले एउटा निजी कम्पनीलाई आफ्नो डाटाको जिम्मेवारीपूर्वक हेरचाह गर्ने विश्वास गरिरहनुभएको हुन्छ । तपाईंले आफ्नो ब्राउजिङ गतिविधिको जिम्मा एउटा सेवालाई दिइरहनुभएको हुन्छ, त्यसैले यसलाई वास्तवमा कसले सञ्चालन गरिरहेको छ भन्ने जान्नु महत्त्वपूर्ण हुन्छ । यो त अपरिचित व्यक्तिलाई आफ्नो घरको साँचो सुम्पेर विश्वास गरे जस्तै हो । उत्कृष्ट भीपीएनहरूले तपाईंको अनलाइन गतिविधिको रेकर्ड राख्दैनन् । उनीहरूले नियमित रूपमा गराउने स्वतन्त्र 'नो-लग' अडिटका कारण हामीलाई यो कुरा थाहा हुन्छ । यसको अर्थ, उनीहरूलाई कानुनद्वारा तपाईंको जानकारी दिन बाध्य पारिए पनि खुलासा गर्नका लागि उनीहरूसँग कुनै उपयोगी डाटा नै हुँदैन । नि:शुल्क भीपीएन हुनु आफैंमा नराम्रो कुरा होइन । यसमा कसरी लगानी भइरहेको छ भन्ने कुरा मुख्य समस्या हो । यदि यसलाई कुनै प्रतिष्ठित सशुल्क भीपीएन प्रदायकले सञ्चालन गरेको छ भने, तपाईंले सामान्यतया यसलाई एउटा विस्तारित परीक्षणको रूपमा लिन सक्नुहुन्छ । तर, यदि यो कुनै स्पष्ट व्यावसायिक मोडलविना पूर्ण रूपमा नि:शुल्क छ भने, त्यहाँ खतराको सङ्केत बुझ्नुपर्छ । ग्राहक बनेबापत पैसा कमाउने सशुल्क भीपीएनहरूभन्दा फरक, नि:शुल्क भीपीएनहरूले टिक्नका लागि अन्य उपायहरू खोज्नुपर्छ । राम्रो अवस्थामा भन्नुपर्दा, उनीहरूले प्रयोगकर्ताहरू अन्ततः सशुल्क सेवामा जानेछन् भन्ने आशामा प्रिमियम सेवाको कटौती गरिएको संस्करण प्रस्ताव गर्छन् । प्रोटोन, विन्डस्क्राइब र हाइड डट मी जस्ता कम्पनीहरूले प्रयोगकर्ताहरूलाई सशुल्क सेवा लिन प्रोत्साहित गर्नका लागि सुविधाहरू, डाटा सीमा वा सर्भरको पहुँचलाई सीमित गरेका हुन्छन् । मुख्य समस्या ती सयौं नि:शुल्क भीपीएनहरूको हो, जसको आयस्रोत स्पष्ट छैन । कतिपयले तपाईंको ब्राउजिङ डाटा तेस्रो पक्षका विज्ञापनदाताहरूलाई बेचेर, वेबपेजहरूमा तपाईंले सामान्यतया देख्ने विज्ञापनहरूलाई आफ्नै विज्ञापनले बदलेर, वा तपाईंको डिभाइसलाई अन्य प्रयोगकर्ताहरू जोडिने भर्चुअल सर्भरको रूपमा प्रयोग गरेर पैसा कमाउँछन् । तपाईंले गोप्य राख्न खोजेको डाटा व्यवस्थापन गरिरहेको सेवासँग यस्तो प्रतिकूल सम्बन्ध हुनु सामान्यतया राम्रो विचार होइन । यसको उदाहरण पहिले नै देखिएको छ । यस विषयमा सबैभन्दा बढी उद्धृत गरिएको अध्ययनमध्ये एक कमनवेल्थ साइन्टिफिक एन्ड इन्डस्ट्रियल रिसर्च अर्गनाइजेसनको सन् २०१७ को रिपोर्ट हो । उक्त रिपोर्टले गुगल प्ले स्टोरमा रहेका २८३ वटा एन्ड्रोइड भीपीएन एपहरूको विश्लेषण गरेको थियो । उक्त अध्ययनले ७२ प्रतिशत नि:शुल्क भीपीएनहरूमा तेस्रो पक्षका ट्र्याकरहरू (निगरानी गर्ने प्रणाली) राखिएको पत्ता लगाएको थियो । साथै, धेरैलाई अनावश्यक अनुमतिहरू मागेको वा प्रयोगकर्ताको डाटा चुहावट गरेको आरोप लागेको थियो । नि:शुल्क भीपीएनहरूले जसरी पनि पैसा कमाउनुपर्छ, र प्रयोगकर्ताको गतिविधिको निगरानी गर्नु वा विज्ञापनहरू घुसाउनु त्यसको एउटा तरिका हो । उक्त अध्ययनले मालवेयर (हानिकारक सफ्टवेयर) हुने सम्भावना बढी भएका १० मध्ये ६ वटा भीपीएनहरू नि:शुल्क रहेको पनि पत्ता लगाएको थियो । यसबाहेक, हटस्पट सिल्ड जस्ता केहीलाई प्रयोगकर्ताहरूको वेब ट्राफिक कब्जा गरेर आफ्ना साझेदार पृष्ठहरूमा पठाएको आरोप लागेको थियो । प्रतिष्ठित नि:शुल्क भीपीएनहरूमा पनि केही न केही सम्झौता गर्नुपर्ने हुन्छ । धेरैजसोले तपाईंले प्रयोग गर्न सक्ने डाटाको मात्रा सीमित गर्छन्, उपलब्ध सर्भरहरूको सङ्ख्या घटाउँछन् वा सशुल्क ग्राहकहरूको लागि आफ्नो सबैभन्दा छिटो काम गर्ने पूर्वाधार सुरक्षित राख्छन् । उदाहरणका लागि, विन्डस्क्राइब र हाइड डट मीले नि:शुल्क प्रयोगकर्ताहरूलाई प्रत्येक महिना १० जीबी डाटा मात्र दिन्छन् । प्रोटोन भीपीएनले आफ्नो नि:शुल्क योजनामा असीमित डाटा प्रदान गरे तापनि, स्ट्रिमिङ समर्थनमा प्रतिबन्ध लगाइएको छ । यसमा डेडिकेटेड आईपी एड्रेस, मल्टि-हप राउटिङ र ठूलो सर्भर नेटवर्क जस्ता उन्नत सुविधाहरू पाइँदैन । उत्कृष्ट भीपीएनहरूको लागि पैसा लाग्छ । सर्भरहरू सञ्चालन गर्न महँगो हुने भएकाले मात्र होइन, बरु उनीहरू आफ्नो व्यापारिक मोडलका लागि विज्ञापन वा ट्र्याकरहरूमा भर नपर्ने भएकाले पनि हो । यसबाट तपाईंले छिटो स्पिड, धेरै सर्भरहरू र सुरक्षा सुविधाहरूको विस्तृत शृङ्खला मात्र पाइरहनुभएको हुँदैन, बरु तपाईंलाई एउटा उत्पादनको रूपमा प्रयोग गरेर तपाईं र तपाईंको डाटाबाट पैसा कमाउने काम पनि हुँदैन । पहिलो, कम्पनीको मालिक को हो ? यदि तपाईंले भीपीएनको पछाडि को छ भन्ने कुरा सजिलै पत्ता लगाउन सक्नुभएन भने, त्यो सीधै खतराको सङ्केत हो । अहिले एप स्टोरमा शीर्ष स्थानमा रहेका केही भीपीएनहरूको त डेभलपर वेबसाइट समेत छैन, जुन निकै शङ्कास्पद कुरा हो । दोस्रो कुरा, जसलाई धेरैजसोले बेवास्ता गर्दै तल सार्छन् भन्ने मलाई थाहा छ- के यसको स्पष्ट गोपनीयता नीति छ ? एउटा भीपीएनले आफूले कुन जानकारी सङ्कलन गर्छ, त्यसलाई कति समयसम्म भण्डारण गरिन्छ र त्यो जानकारी अरू कसैसँग साझा गरिन्छ वा गरिँदैन भन्ने कुरा स्पष्ट रूपमा खुलाएको हुनुपर्छ । तेस्रो कुरा, यसले स्वतन्त्र 'नो-लग' अडिट गराएको छ वा छैन भन्ने पक्का गर्नुहोस् । धेरैजसो उत्कृष्ट भीपीएनहरूले प्रयोगकर्ताहरूको अनलाइन गतिविधिको रेकर्ड राख्दैनन् भन्ने प्रमाणित गर्न तेस्रो पक्षका सुरक्षा कम्पनीहरूलाई पैसा तिरेर परीक्षण गराउँछन् । यदि कुनै भीपीएनले कुनै रेकर्ड नराख्ने दाबी गर्छ तर त्यस दाबीलाई स्वतन्त्र रूपमा कहिल्यै प्रमाणित गराएको छैन भने, धेरै सावधान रहनुहोस् । म उनीहरूले पारदर्शिता रिपोर्ट प्रकाशित गर्छन् वा गर्दैनन् भनेर पनि जाँच्ने गर्छु । यस्तो रिपोर्टले कम्पनीलाई सरकार वा कानुन कार्यान्वयन गर्ने निकायहरूबाट प्रयोगकर्ताको डाटा माग्दै कति वटा अनुरोध आएका छन् र हस्तान्तरण गर्नका लागि कम्पनीसँग कुनै जानकारी थियो वा थिएन भन्ने देखाउँछ । अन्त्यमा, भीपीएनले कसरी पैसा कमाउँछ भन्ने बारेमा विचार गर्नुहोस् । प्रोटोन, विन्डस्क्राइब र हाइड डट मी जस्ता प्रतिष्ठित प्रदायकहरूले प्रयोगकर्ताहरूलाई सशुल्क योजनामा अपग्रेड गर्न प्रोत्साहित गर्नका लागि आफ्ना नि:शुल्क योजनाहरू प्रयोग गर्छन् । यदि कुनै पूर्ण रूपमा नि:शुल्क भीपीएनको स्पष्ट व्यावसायिक मोडल छैन भने, म त्यसलाई इन्स्टल गर्नुअघि दुई पटक सोच्नेछु ।

*-रातोपाटी डटकम*

# एन्थ्रोपिकले ल्यायो नि:शुल्क अनलाइन कोर्स 'क्लड एकेडेमी', एआई सिक्न थप सहज




एन्थ्रोपिकले आफ्नो एआई असिस्टेन्ट 'क्लड'लाई प्रभावकारी रूपमा प्रयोग गर्न र यसका विभिन्न फिचरहरू सिकाउने उद्देश्यले नि:शुल्क अनलाइन सिकाइ प्लेटफर्म 'क्लड एकेडेमी' सार्वजनिक गरेको छ । साधारण च्याटबटबाट एआई प्रविधि स्वायत्त एजेन्ट्सतर्फ अघि बढिरहेको बेला एन्थ्रोपिकले यो प्लेटफर्म ल्याएको हो । यो एकेडेमीमा क्लड एआईका आधारभूत कुराहरूदेखि प्रम्प्टिङ, क्लड कोड, क्लड ट्याग र क्लड प्लेटफर्मको प्रयोग गरी क्लड एआई चलाउन सिकाइन्छ । सुरुवाती प्रयोगकर्ता, डेलभलपर्स र व्यावसायिक प्रयोगकर्ताहरूलाई लक्षित गरी तयार पारिएको यो कोर्समा अंग्रेजी भाषामा उपलब्ध छन् । यसको प्रयोग गर्न अन्यमा जस्तो प्लेटफर्मभित्र साइन इन गरिहाल्नु पर्ने बाध्यता पनि छैन । क्लड एकेडेमीलाई एन्थ्रोपिकको एआई इकोसिस्टमसम्बन्धी नि:शुल्क अनलाइन विद्यालयको रूपमा हेरिएको छ । यसमा एआईका आधारभूत कुराहरूबाट सुरु गरेर उत्पादन अनुसारका चरणहरू सिकाइन्छ । यसमा क्लड डट एआई, क्लड कोवर्क, क्लड कोड, क्लड ट्याग र क्लड प्लेटफर्म सम्बन्धी अलग-अलग कोर्सहरू छन् । सुरुवातकर्ताहरूका लागि राम्रो प्रम्प्ट लेख्ने तरिका, प्रश्न सोध्ने र प्रोजेक्टहरू व्यवस्थित गर्ने तरिका सिकाइन्छ भने, अझ उन्नत प्रयोगकर्ताहरूका लागि क्लड कोड र एआई एजेन्ट्ससम्बन्धी प्राविधिक ज्ञान दिइन्छ । यसमा इन्जिनियरिङ उपकरण 'क्लड कोड' र एपहरू विकास गर्ने सामग्रीहरू समेत समावेश छन् । केही कक्षाहरूमा प्रयोगात्मक अभ्याससमेत राखिएको छ जसले सैद्धान्तिक कुरा मात्र नभई काम गर्दै सिक्ने अवसर दिन्छ । लग-इन गर्ने प्रयोगकर्ताले भने आफ्नो सिकाइको प्रगति सुरक्षित (सेभ) गरेर राख्न सक्नेछन् । लगइन नगर्दा त्यो सुरक्षित रहँदैन । पछिल्लो समय एआई उपकरणहरू शक्तिशाली बन्दै गए पनि धेरै प्रयोगकर्ताहरू अझै पनि आफैं परीक्षण गरेर वा अनधिकृत ट्युटोरियलहरूको भर पर्न बाध्य छन् । एन्थ्रोपिकले आधिकारिक र व्यवस्थित बनाउँदै यी कुरा एकै ठाउँमा उपलब्ध गराएर यो अवरोध हटाउन खोजेको हो । क्लडलाई कुराकानी गर्ने च्याटबटमा मात्र सीमित नराखी अनुसन्धान, कार्यस्थलका कामहरू र स्वायत्त एजेन्टका रूपमा प्रयोग गर्न थालिएको छ । उदाहरणका लागि 'क्लड ट्याग' मार्फत टिमहरूले स्ल्याकमा क्लडलाई जोडेर साझा तथ्याङ्क र उपकरणहरूसँग काम गर्न सक्छन् । यसले प्रयोगकर्ताहरूलाई एआई एजेन्टलाई सुरक्षित र प्रभावकारी ढङ्गले कामको जिम्मा लगाउन सिकाउँछ । यो एकेडेमीले डेभलपरहरूलाई 'क्लड कोड' र एपीआई प्रयोग गर्न सिकाएर र व्यवसायहरूलाई एजेन्टमा आधारित सुविधाहरू जोड्न सहयोग गरेर कम्पनीको इकोसिस्टमलाई थप फराकिलो बनाउन मद्दत गर्ने देखिन्छ । यसको मुख्य उद्देश्य प्रयोगकर्तालाई सामान्य च्याटबटसँग प्रश्न सोध्न मात्र होइन, एआई एजेन्टलाई पूरै काम कसरी जिम्मा लगाउने भन्नेबारे दक्ष बनाउनु रहेको कम्पनीको भनाइ छ । यद्यपि, एन्थ्रोपिक एकेडेमी मार्च २०२६ मै १३ नि:शुल्क कोर्ससहित सुरु भएको थियो, जुन स्किलजार प्लेटफर्ममा होस्ट गरिएको थियो । २१ अगस्ट यो नयाँ घोषणा भने यसैलाई थप विस्तार गरी करिब २० कोर्ससम्म पुर्‍याइएको हो । र, क्लड एकेडेमी नामबाट ल्याइएको देखिन्छ । यसमा पाठ्यक्रम पूरा गरेपछि प्रमाणपत्र (सर्टिफिकेट) पनि दिइने एन्थ्रोपिकले जनाएको छ । साथै, प्रोफेसर जोसेफ फेलर र रिक डाकनसँगको सहकार्यमा तयार पारिएको 'एआई फ्लुएन्सी' कोर्स पनि यसमा समावेश छ, जसले प्रयोगकर्तालाई 'फोर डी फ्रेमवर्क' (डेलिगेसन, डेस्क्रिप्सन, डिस्क्रिमिनेसन, डिलिजेन्स) मार्फत एआईसँग प्रभावकारी रूपमा काम गर्ने तरिका सिकाउँछ ।

*-अनलाइन खबर डटकम*

# विमानभन्दा एक लाख गुणा छिटो कुद्ने तारा



खगोलविद्हरूले आकाशगंगा (मिल्की वे) मा अहिलेसम्मकै सबैभन्दा तीव्र गतिको तारा पत्ता लगाएका छन् । यो तारा आकाशगंगाको केन्द्रमा रहेको अति विशाल ब्ल्याक होलको वरिपरि परिक्रमा गरिरहेको छ । 'एस३०१' (S301) नाम दिइएको उक्त तारा प्रतिसेकेन्ड करिब २५,००० किलोमिटरको गतिमा यात्रा गर्छ। यो व्यावसायिक विमानभन्दा १ लाख गुणा बढी छिटो हो । साथै, यो आकाशगंगाको केन्द्रीय ब्ल्याक होल 'स्याजिटेरियस ए*' (Sagittarius A*) को सबैभन्दा नजिक पुग्ने अहिलेसम्मकै ज्ञात तारा पनि हो । यो ब्ल्याक होलको त्यति नै नजिक पुग्छ जति सूर्य र शनि ग्रहबिचको दूरी छ । जर्मनीको गार्किङस्थित म्याक्स प्लाङ्क इन्स्टिच्युट फर एक्स्ट्राटेरेस्ट्रियल फिजिक्स (एमपीई) का पीएचडी विद्यार्थी तथा यस अध्ययन प्रतिवेदनका एक लेखक फेलिक्स म्याङले भनेका छन्, 'यस ताराको विशेषता भनेको यसले स्याजिटेरियस ए* लाई निकै सानो कक्षमा परिक्रमा गरिरहेको छ । यसलाई एक फन्को लगाउन मात्र ८.७ वर्ष लाग्छ र यो पृथ्वी र सूर्यबिचको दूरीको मात्र १२ गुणा नजिकसम्म ब्ल्याक होलको छेउमा पुग्छ । यस्तो घटना अहिलेसम्म देखिएको थिएन ।' स्याजिटेरियस ए* सँग यस ताराको अत्यधिक निकटताका कारण ब्ल्याक होलका आधारभूत गुणहरू र यसको वरपरको चरम वातावरणबारे अध्ययन गर्ने नयाँ ढोका खुल्न सक्छ । रात्रिकालीन आकाशमा देखिने धेरै पिण्डहरूजस्तै ब्ल्याक होलहरू पनि आफ्नो अक्षमा घुम्ने अनुमान गरिन्छ । आइन्स्टाइनको सामान्य सापेक्षतावादको सिद्धान्तअनुसार, घुमिरहेको ब्ल्याक होलले आफूसँगै अन्तरिक्ष-समय (स्पेसटाइम) लाई पनि तान्छ, जसले गर्दा वरपरका ताराहरूको कक्ष बांगिन पुग्छ । तीव्र गतिमा घुमिरहेको ब्ल्याक होललाई निकै नजिकबाट परिक्रमा गर्ने पिण्डहरूका लागि मात्र यो प्रभाव अर्थपूर्ण हुन्छ । एस३०१ सँग अत्यधिक लाम्चो (एक्सेन्ट्रिक) र निकै सानो कक्षको उत्तम संयोजन रहेको देखिन्छ । नेचर पत्रिकामा प्रकाशित उक्त अध्ययनका सह-लेखक तथा एमपीईका वरिष्ठ वैज्ञानिक डा. स्टेफन गिलेसन भन्छन्, 'पहिलो पटक हामी वास्तवमै विशाल ब्ल्याक होलको घुमाइलाई निकै प्रत्यक्ष रूपमा नाप्न सक्षम हुनेछौं । यो आइन्स्टाइनको सिद्धान्तको लागि एक प्रमुख परीक्षण हुनेछ ।' यसअघि स्याजिटेरियस ए* को घुमाइको अनुमान लगाउन कैयौं दशकसम्म धेरै ताराहरूको गति मापन गर्नुपर्ने अनुमान गरिएको थियो । वैज्ञानिकहरूले सन् २०१७ सम्मको एस३०१ को कक्ष पत्ता लगाएका छन् । सन् २०३१ मा यो तारा फेरि ब्ल्याक होलको सबैभन्दा नजिक पुग्नेछ । त्यसबेला यसलाई ट्र्याक गरेर पर्याप्त तथ्यांक प्राप्त हुने उनीहरूको आशा छ । म्याङ थप्छन्, 'यस ताराको मद्दतले हामी आगामी १० वर्षभित्र ब्ल्याक होलको घुमाइ नाप्ने आशा गरिरहेका छौं ।' चिलीको परानाल अब्जर्भेटरीमा रहेको युरोपियन सदर्न अब्जर्भेटरीको 'भेरी लार्ज टेलिस्कोप इन्टरफेरोमिटर' (ESO's VLTI) प्रयोग गरेर यी अवलोकनहरू गरिएका हुन् । यसले ८-मिटर लामा चारवटा टेलिस्कोपबाट आउने प्रकाशलाई जोड्ने काम गर्छ । 'ब्ल्याक होललाई आफूले भेटाएका सबै कुरा निल्ने ब्रह्माण्डीय भ्याकुम क्लिनरको रूपमा हेरिन्छ,' म्याङ भन्छन्, 'तर यो एउटा विशाल पिण्ड मात्र हो । यो सूर्यको परिक्रमा गर्ने कुनै वस्तुभन्दा खासै फरक छैन र यो तारा आफ्नै कक्षमा रहिरहनेछ ।' युनिभर्सिटी कलेज लन्डनका खगोल भौतिकविद् डा. जिरी युन्सी, जो यस अवलोकनमा संलग्न थिएनन्, उनी भन्छन्: 'खोजका रूपमा यो अविश्वसनीय रूपमा महत्त्वपूर्ण छ । यो निकै रोमाञ्चक छ किनभने यो वस्तु स्याजिटेरियस ए* को पागलपनकै हदसम्म नजिक पुग्छ र यसले आफ्नो चरम विन्दुमा प्रकाशको गतिको करिब ८% गतिमा यात्रा गर्छ, जुन अद्भुत हो ।'

*-सेतोपाटी डटकम*

# आज लुम्बिनीमा तीन मन्त्रीले शपथ लिदैं



**बुटवल,** भदौ ८/ लुम्बिनी प्रदेशमा नवनियुक्त तीन मन्त्रीले आज शपथ लिन लागेका छन् । मुख्यमन्त्री चेतनारायण आचार्यले नियुक्त गरेका नेकपाबाट दाङका इन्द्रजित थारू आर्थिक मामिला तथा योजना मन्त्री, रोल्पाका दीपेन्द्र पुन 'सिजल' स्वास्थ्य र बर्दियाकी कृष्णाकुमारी थारू कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रीले शपथ लिन लागेका हुन् । मुख्यमन्त्री आचार्यले मन्त्रीका लागि सिफारिस गरेका नाम प्रदेश प्रमुखको कार्यालयमा पठाएपछि प्रदेश प्रमुख कृष्णबहादुर घर्तीमगरले आज दिउँसो ३:२५ बजे शपथ गराउने तयारी भएको प्रदेश प्रमुखको कार्यालयका सूचना अधिकारी काशीराम पन्थीले बताए । मन्त्री बन्न लागेका तीनै जना पूर्वमाओवादी पृष्ठभूमिका हुन् । थारू र पुन यसअघि पनि मन्त्री भइसकेका छन् ।

# विभिन्न स्थानबाट अवैध...

...पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने ४१ वर्षीय अस्कर अली, बर्दिया बढैयाताल गाउँपालिका-४ बस्ने ३६ वर्षीय सदाम हुसेन र ३९ वर्षीया सैजा खातुन रहेका छन् । जिल्ला प्रहरी कार्यालय सुर्खेत समेतबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । यस्तै पर्साको छिपहरमाई गाउँपालिका-५ भिष्वाबाट अवैध लागूऔषध गाँजा जस्तो देखिने पदार्थ ५ किलोग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा भारत बेतिया थाना मझौली बस्ने ५० वर्षीय दिनेश महतो र ५२ वर्षीय छोटेलाल महतो रहेका छन् । प्रहरी चौकी भिष्वा समेतबाट खटिएको प्रहरीले नेपालबाट भारततर्फ जाँदै गरेको बिआर ०५ एस ५९५३ नम्बरको मोटरसाइकलमा सवार उनीहरूलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । यस्तै सुनसरी, कोशी गाउँपालिका-४ कोशी कटानबाट अवैध लागूऔषध गाँजा ११ किलो १ सय २० ग्राम सहित धनकुटा साँगुरीगढी गाउँपालिका-८ घर बताउने २८ वर्षीय चरन राईलाई प्रहरीले पक्राउ गरेको छ । अस्थायी प्रहरी चौकी शिवचोक कटानबाट खटिएको प्रहरीले उनलाई उक्त गाँजा सहित पक्राउ गरेको हो । यस्तै झापाको कचनकवल गाउँपालिका-१ बनियाभिट्टाबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ १ ग्राम २० मिलिग्राम सहित ४ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा कचनकवल गाउँपालिका-१ बस्ने २४ वर्षीय धिरेन केरूङ, सोही गाउँपालिका मिलडाँडा बस्ने २८ वर्षीय नानुङ लिम्बु, भद्रपुर नगरपालिका-४ बस्ने ३४ वर्षीय दिपेश माझी र २४ वर्षीया मिना राई रहेका छन् । प्रहरी चौकी घेराबारीबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो ।

## खेलकुद समाचार

### नेपाल भलिबल लिगको ट्रफी सार्वजनिक



**काठमाडौं,** भदौ ८/पहिलो पटक हुन लागेको पुरुष भलिबलको फ्रेन्चाइज नेपाल भलिबल लिग (एनभीएल) को ट्रफी सार्वजनिक भएको छ । ललितपुरको पाटन दरबार क्षेत्रमा सोमबार एक कार्यक्रमका बीच ललितपुर महानगरपालिकाका मेयर चिरीबाबु महर्जनले ट्रफी सार्वजनिक गरेका हुन । यो ट्रफी भक्तपुर दरबार क्षेत्र र काठमाण्डौको वसन्तपुर दरबार क्षेत्रमा पनि प्रदर्शन गरिनेछ । एनभीएलको पहिलो संस्करण यही भदौ १९ देखि २७ गतेसम्म त्रिपुरेश्वरमा रहेको राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा हुने तयारी छ । यसअघि यो प्रतियोगिता भदौ ४ गतेदेखि १३ गतेसम्म हुने तयारी थियो । तर आयोजक केडिया ग्रुपले गएको शुक्रवार नयाँ मिति तय गरेको हो । पहिलो संस्करणमा ६ वटा फ्रेन्चाइज टोलीले प्रतिस्पर्धा गर्दैछन् । प्रतियोगितामा खप्तड फाल्कन्स, मधेश वारियर्स, सगरमाथा स्म्यासर्स, काठमाण्डौ रेड्स, अन्नपूर्ण स्पाइकर किङ्स र कर्णाली शिवराज छन् ।

# किन रोकिएनन्...

...उनको मृत्युको कारण खुल्न बाँकी रहेको प्रहरीले जनाएको छ । देशका विभिन्न स्थानमा भएका यी घटनाबारे सम्बन्धित प्रहरी कार्यालयबाट आवश्यक अनुसन्धान भइरहेको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । प्रहरीले घटनाको वास्तविक कारण पत्ता लगाउन अनुसन्धान अघि बढाउनुका साथै सम्बन्धित पक्षसँग आवश्यक सोधपुछ तथा कानुनी प्रक्रिया अघि बढाइरहेको जनाएको छ ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक चिदीपानी गा.वि.स.-३, हाल माथागढी गाउँपालिका-१ निवासी भारतिय भू.पू.सैनिक नं. 5844641 H का NK कृष्ण बहादुर क्षेत्री (ना.प्र.मा कृष्ण बहादुर रेग्मी क्षेत्री) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा शान्ता क्षेत्री र जन्म मिति सन् १९६२ जनवरी २३ (वि.स.२०१८/१०/१०) र नेपाली नागरिकता प्रमाणपत्रमा शान्ता देवी रेग्मी क्षेत्री, जन्म मिति वि.स. २०१८/१०/०९ (सन् १९६२ जनवरी २२) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला बगनासकाली गाउँपालिका-४ निवासी भारतिय भू.पू.सैनिक नं. 5345014 A का TS/NK लोक बहादुर थापा (ना.प्र.मा लोक वहादुर चर्ति) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा धन कुमारी थापा र जन्म मिति सन् १९६७ मार्च १ (वि.स.२०२३/११/१७) र नेपाली नागरिकता प्रमाणपत्रमा धन कुमारी चर्ति, जन्म मिति वि.स. २०२२/१०/१० (सन् १९६६ जनवरी २३) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक चिर्तुङ्गधारा गा.वि.स.-१, हाल बगनासकाली गाउँपालिका-१ निवासी भारतिय भू.पू.सैनिक नं. 5343907 P का हवलदार जान सिंह थापा (ना.प्र.मा जाहान सिं गाहा मगर भन्ने जान सिंह थापा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा भुमि सरा र जन्म मिति सन् १९५६ नोभेम्वर १० (वि.स.२०१३/०७/२५) र नेपाली नागरिकता प्रमाणपत्रमा भुमि देवी गाहा भन्ने भुमि सरा, जन्म मिति वि.स. २०१२/०१/२६ (सन् १९५५ मे ९) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक चिर्तुङ्गधारा गा.वि.स.-१, हाल बगनासकाली गाउँपालिका-१ निवासी भारतिय भू.पू.सैनिक नं. 5043334 X का हवलदार झपेन्द्र बहादुर थापा (ना.प्र.मा झपिन्द्र बहादुर थापा सिंजाली) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा सिता देवी थापा र जन्म मिति सन् १९६९ मे १५ (वि.स.२०२६/०२/०२) र नेपाली नागरिकता प्रमाणपत्रमा सिता थापा सिंजाली, जन्म मिति वि.स. २०२९/०१/०१ (सन् १९७२ अप्रिल १३) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक कसेनी गा.वि.स.-७, हाल माथागढी गाउँपालिका-३ निवासी भारतिय भू.पू.सैनिक नं. JC 257538 K का Nb/Sub शशीराम राना (ना.प्र.मा शशीराम राना) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा मनी कुमारी रानेनी र जन्म मिति सन् १९५७ मार्च ३० (वि.स.२०१३/१२/१७) र नेपाली नागरिकता प्रमाणपत्रमा मनिसरा राना, जन्म मिति वि.स. २०१४/०५/१८ (सन् १९५७ सेप्टेम्वर ३) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक चिर्तुङ्गधारा गा.वि.स.-३, हाल बगनासकाली गाउँपालिका-१ निवासी भारतिय भू.पू.सैनिक नं. JC 602081 F का Nb/Sub चन्द्र बहादुर राना (ना.प्र.मा चन्द्र बहादुर राना) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा इन्द्र कला र जन्म मिति सन् १९५८ मार्च १५ (वि.स.२०१४/१२/०२) र नेपाली नागरिकता प्रमाणपत्रमा इन्द्र कला राना, जन्म मिति वि.स. २०१४/१२/०२ (सन् १९५८ मार्च १५) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक कसेनी गा.वि.स.-७, हाल माथागढी गाउँपालिका-३ निवासी भारतिय भू.पू.सैनिक नं. 5042017 K का हवलदार छवि राम राना (ना.प्र.मा छविराम राना) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा बाली सरा राने र जन्म मिति सन् १९६२ नोभेम्वर १६ (वि.स.२०१९/०८/०१) र नेपाली नागरिकता प्रमाणपत्रमा वालीसरा राना, जन्म मिति वि.स. २०२१/०२/१५ (सन् १९६४ मे २८) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक ताहुँ गा.वि.स.-१, हाल रम्भा गाउँपालिका-५ निवासी e/ltoeks;g g5755453 M का NK भुवन सिं ढेंगा (ना.प्र.मा भुवन सिं ढेंगा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा डिल कुमारी थापा र जन्म मिति सन् १९८० जुलाई २१ (वि.स.२०३७/०४/०६) र नेपाली नागरिकता प्रमाणपत्रमा डिल कुमारी ढेंगा, जन्म मिति वि.स. २०३७/०४/०६ (सन् १९८० जुलाई २१) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक बौघापोखराथोक गा.वि.स.-७, हाल तानसेन नगरपालिका-१२ निवासी भारतिय भू.पू.सैनिक नं. 5038201 X का हवलदार धरम बहादुर राना (ना.प्र.मा धर्म बहादुर राना) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा याद कुमारी र जन्म मिति सन् १९५२ जुलाई २८ (वि.स.२००९/०४/१३) र नेपाली नागरिकता प्रमाणपत्रमा मिनीसरा राना भन्ने यादी कुमारी, जन्म मिति वि.स. २००९/०४/१३ (सन् १९५२ जुलाई २८) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक नायरनम्तलेस गा.वि.स.-६ नायर चौपारी, हाल बगनासकाली गाउँपालिका-३ निवासी भारतिय भू.पू.सैनिक नं. 5745211 W का TS/NK पदम बहादुर थापा (ना.प्र.मा पदम बहादुर वाकावल) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा घनिसरा र जन्म मिति सन् १९५४ जुलाई १ (वि.स.२०११/०३/१७) र नेपाली नागरिकता प्रमाणपत्रमा घनिसरा वाकावल, जन्म मिति वि.स. २००६/०६/१४ (सन् १९४९ सेप्टेम्वर ३०) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला तानसेन नगरपालिका-६, कुनसरे निवासी भारतिय भू.पू.सैनिक नं. 5043494 X का हवलदार मोहन बहादुर थापा (ना.प्र.मा मोहन सिं कनौजे) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा तुल्सी देवी थापा र जन्म मिति सन् १९६८ मे ४ ( वि.स.२०२५/०१/२२) र नेपाली नागरिकता प्रमाणपत्रमा तुलसी देवी कनौजे, जन्म मिति वि.स. २०२५/०१/२८ (सन् १९६८ मे १०) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई